# छथर जोरपाटी गाउँपालिकाको आर्थिक ऐन, २०७४
# (दोश्रो संशोधन २०७५ सहित)

# छथर जोरपाटी गाउँपालिकाको आर्थिक ऐन, २०७४

प्रथम संशोधन मिति २०७४।०१।११

दोश्रो संशोधन मिति २०७५।०३।२६

**छथर जोरपाटी गाउँपालिकाको अर्थसम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

प्रस्तावना : छथर जोरपाटी गाउँपालिकाको अर्थ सम्वन्धि प्रस्तावलाई हरेक वर्ष कार्यान्वयन गर्दै लैजानको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले ,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) वमोजिम छथर जोरपाटी गाउपालिकाको तेश्रो गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** १) यस ऐनको नाम आर्थिक ऐन, २०७४ रहेको छ ।
   २) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि छथर जोरपाटी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पत्ति कर** : गाउँपालिका क्षेत्र भित्र अनूसुचि-१ वमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ ।
   स्पष्टिकरण : यो ऐन कार्यान्वयन प्रयोजनका लागि सम्पति कर भन्नाले साविकमा लगाइँदै आएको मालपोत सम्वन्धी भूमि कर वा घर जग्गा कर वा जन अपेक्षा अनुरुप गाउँ सभाबाट पारित एकीकृत सम्पत्ति कर समेतलाई जनाउँदछ ।

३. **भूमी कर (मालपोत )** : गाउपालिका क्षेत्र भित्र अनुसूची २ वमोजिम भूमिकर (मालपोत ) लगाइने र असुल उपर गरिने छ

४. **बहाल कर :** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी वा सवारी साधन पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची-३ वमोजिम घर जग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

५. **व्यवसाय कर :** गाउँपालिका क्षेत्र भित्र व्यापार व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची -४ वमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

७. **सवारी साधन सन्चालन व्यवसाय कर** : गाउँपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसूची- ५ वमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । यस गाउँपालिका क्षेत्र भित्रका (राष्ट्रिय राजमार्ग वाहेक) सडकहरुमा पटक सवारी कर समेत लगाइने छ ।

८. **मनोरञ्जन कर:** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा तपसिल खण्डमा तोकिए वमोजिम व्यवसाय कर लगाउने र असुल उपर गरिने छ तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुनेछ ।

९. **पार्किङ्ग शुल्क** : गाउँपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलव्ध गराए वापत अनुसूची ६ वमोजिम पार्किङ्ग शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१०. **सेवा शुल्क, दस्तुर** : गाउँपालिकाले निर्माण, संचालन र व्यवस्थापन गरेका अनुसूची-७ वमोजिम स्थानीय पूर्वाधार र उपलव्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**११. पर्यटन तथा सहासिक पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकबाट अनुसूची ८ वमोजिमको दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ । ट्रेकिङ्ग, कोयोकिङ्ग, क्यानोइङ्ग, बञ्जिजम्पिङ्ग, जीपफ्लायर र ऱ्याफ्टिङ्ग शुल्क सेवा वा व्यवसाय सञ्चालन गरेमा सो वापत समेत शुल्क लगाउने र असुल उपर गरिने छ ।

१२. **बहाल विटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका तपसिल खण्डमा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूची-९ मा व्यवस्था भए अनुसार वहाल विटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ

१३. **विज्ञापन करः** गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूची-१० मा तोकिए वमोजिम वार्षिक विज्ञापन कर लगाउने र असुल उपर गरिने छ तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुनेछ .

१४. **जडिबुटी, कवाडी र जीवजन्तु कर** : गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिं, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरे वापत तोकिए वमोजिमको कर लगाउने र असुल उपर गरिनेछ ।

**१५. विविध :** माथिका अनुसूचिमा उल्लेख नभएका विषयहरुको हकमा अनुसुची-११ खण्डमा तोकिए वमोजिम कर, दस्तुर लगाइने र असुल उपर गरिनेछ ।

१६. **कर छुट** : यस ऐन वमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन । तर गाउँ सभाले विपन्न वा अशक्त वर्गका लागि कुनै सेवा दस्तुर छुट दिने गरी निर्णय गरेमा सो सेवा शुल्क छुट दिन यो दफाले वाधा पुऱ्याएको मानिने छैन ।

१७. **कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि गाउपालिकाले तोके अनुसार हुनेछ ।

१८. **अन्य :** यस ऐनमा लेखिएका कुराहरु वाहेक अन्य कुराहरु हरेक वर्ष छथर जोरपाटी गाउँपालिकाको गाउँ सभाले पारित गरेका निर्णय एवं प्रचलित नेपाल कानून वमोजिम हुनेछ । कुनै कर सेवा दस्तुर वा सेवा शुल्कको दर अनुसूचीहरुमा समावेश हुन छुट भएको हकमा गाउँ कार्यपालिकाको निर्णय अनुसार दर कायम गरी लागू गर्न सक्नेछ ।

## अनुसूची-१
## सम्पत्ति कर

(दफा २ सँग सम्वन्धित)

आ.व. २०७५।७६ का लागि लागू हुने गरी सम्पत्ति कर प्रयोजनको लागि देहाय वमोजिम न्युनतम मूल्यांकनको दर रेट कायम गर्ने निर्णय गरियोः ।

**(क) वडा नं. १**

१. साविक हात्तीखर्क गा.वि.स.को त्रिशुले हात्तीखर्क सडक खण्डको त्रिशुलेदेखि बुढासुब्बासम्मका सडकको दायाँबायाँ ५० मिटर सम्मका घडेरी जग्गाहरु प्रति रोपनी रु. ४,००,०००।-

२. साविक हात्तीखर्क गा.वि.स.को बुढासुब्बा मन्दिरदेखि १ नं. वडा कार्यालय जाने सडकसम्मको सडकको दायाँबायाँ ५० मिटर सम्मका घडेरी जग्गाहरु प्रति रोपनी रु. ६,००,०००।-

३. साविक हात्तीखर्क गा.वि.स.को सोही सडकको बेतेमोडदेखि जन्तरे मोडसम्मको सडकको दायाँबायाँ ५० मिटर सम्मका घडेरी जग्गाहरु प्रति रोपनी रु. ४,००,०००।-

**(ख) वडा नं. २**

१. साविक ताङ्गखुवा गा.वि.स. वडा नं. ९ र साविक हात्तीखर्क गा.वि.स. वडा नं. ७ को कोशी राजमार्ग खण्डको फलैंचादेखि जोरपाटी बजार हुँदै डिपबोरिङ्ग स्थलबाट २०० मिटर अगाडिको हाइवेसम्मको सडकको दायाँबायाँ ५० मिटर सम्मका घडेरी जग्गाहरु प्रति रोपनी रु. १४,००,०००।-

२. साविक हात्तीखर्क गा.वि.स. वडा नं. ७ र ८ मा पर्ने फलैंचादेखि लक्ष्मी मा.वि सल्ले र सो मा.वि.देखि २०० मिटर अगाडि सम्मका सडकको दुवै तर्फको दायाँबायाँ ५० मिटर सम्मका घडेरी जग्गाहरु प्रति रोपनी रु. ३,००,०००।- त्यसैगरी साविक ताङ्गखुवा गा.वि.स. वडा नं. ९ को चक्रपथको कोशी राजमार्गका दायाँवाँया तोकिएको क्षेत्र बाहेक नवनिकेकतन प्रा.वि.सम्मको सडकका दायाँवायाँ ५० मिटर सम्मका घडेरी जग्गाहरु प्रतिरोपनी रु. ३,००,०००।-

३. जोरपाटी काजीमाने सडक खण्डको साविक ताङ्गखुवा वडा नं. ८ मा पर्ने यज्ञडाँडादेखि साविक परेवादिन गा.वि.स. वडा नं. ८ को फुर्तुङ्ग डाँडासम्मको सडकको दायाँबायाँ ५० मिटर सम्मका घडेरी जग्गाहरु प्रति रोपनी रु. १०,००,०००।-

४. साविक परेवादिन गा.वि.स. वडा नं. ८ फुर्तुङ्ग डाँडादेखि साविक ताङ्गखुवा गा.वि.स.वडा नं. ८ कै हिलेपानी सडक खण्डसम्मका सडकका दायाँवायाँ ५० मिटरसम्मका जग्गाहरु प्रति रोपनी रु. ६,००,०००।-

**(ग) वडा नं. ३**

१. साविक ताङ्खुवा गा.वि.स.वडा नं.७ र परेवादिन गा.वि.स. वडा नं. ८ को हिलेपानीदेखि घ्याम्पे ट्याङ्की हुँदै खोकताप जाने मोडसम्मको सडकको दायाँबायाँ ५० मिटर सम्मका जग्गाहरु (चुलाचुली क्षेत्र) प्रति रोपनी रु. १०,००,०००।-

२. साविक ताङ्गखुवा गा.वि.स.वडा नं. ७ को स्वास्थ्य चौकीदेखि बहिदार टोल तथा मिलडाँडासम्मका दायाँबायाँ सडक क्षेत्रका जग्गाहरु प्रति रोपनी रु. २,००,०००।-

३. साविक ताङ्गखुवा गा.वि.स. वडा नं. ५ को फेसिङ्गवादेखि हाल छथर जोरपाटी गा.पा.को ३ नं. वडा कार्यालय जाने सडक आसपासका जग्गाहरु प्रति रोपनी रु. २,००,०००।-

४. हालको ३.नं. वडा कार्यालयदेखि मिलडाँडा सडक खण्डका दायाँ वायाँ ५० मिटरसम्मका जग्गाहरु प्रति रोपनी रु. १,५०,०००।-

५. साविक ताङ्गखुवा गाविस वडा नं. ४ को करुञ्जे सेवारो चोक सडक खण्डका दायाँ वायाँ ५० मिटरसम्मका जग्गाहरु प्रति रोपनी १,५०,०००।-

६. साविक ताङ्गखुवा वडा नं. ५ को मुकुमफुङ्ग वल्लकदेखि सेवारो चोकसम्मका सडक खण्डका दायाँ बायाँ ५० मिटर सम्मका जग्गाहरु प्रति रोपनी १,५०,०००।-

**(घ) वडा नं. ४**

१. साविक ताङ्गखुवा र तेलीया गा.वि.स.को जोरपाटी चुलाचुली काजीमाने सडक खण्डको काठेबरदेखि सितारानीसम्मका सडकको दायाँबायाँ ५० मिटर सम्मका जग्गाहरु प्रति रोपनी रु.३,००,०००।-

२. सोही सडक खण्डको साविक तेलीया गाविस वडा नं. ४ र साविक ताङ्गखुवा वडा नं. ५ र ६ को सितारानीदेखि पिङडाँडासम्मको सडकको दायाँबायाँ ५० मिटर सम्म दुरीका जग्गाहरु प्रति रोपनी रु. ५,००,०००।- र पिङडाँडादेखि मुकुमफुङवल्लक (मुडके आहाल) सम्मका सडकको दायाँ बायाँ ५० मिटर सम्मका घडेरी तथा जग्गाहरु प्रति रोपनी २,००,०००।-

३. साविक तेलीया गाविस वडा नं. ४ को पिङ्ग डाँडादेखि हालको छथर जोरपाटी गाउँपालिकाको ४ नं. वडा कार्यालयसम्म जाने सडक खण्डको काठेधारासम्मको सडकको दायाँबायाँ ५० मिटरसम्मको जग्गाहरुको प्रति रोपनी रु. २,००,०००।- र काठेधारादेखि वडा कार्यालयसम्मको सडकको दायाँबायाँ ५० मिटर दुरीसम्मका जग्गाहरुको प्रतिरोपनी रु. १,००,०००।-

४. साविक तेलीया गाविस वडा नं. ८ को काजीमान-ओखे-थेपुङ्गखोला सडक खण्डको वायाक्लादेखि अमर चौकसम्मको सडकको दायाँबायाँ ५० मिटर सम्मका जग्गाहरु प्रति रोपनी रु २,००,०००।-

**(ङ) वडा नं. ५**

१. साविक परेवादिन गाविस वडा नं. ५ को सिधुवा-पिपलडाँडा-गुवाबैंसी सडक खण्डको ध्रुर्बे चोकदेखि साविक परेवादिन वडा नं. ४ को फ्याट घरसम्मको सडकको दायाँवायाँ ५० मिटर सम्ममका जग्गाहरु रु. १४,००,०००।-

२. साविक परेवादिन गाविस वडा नं. ८ को यज्ञडाँडादेखि साविक परेवादिन वडा नं. ४ चपरी चोक सम्मको सडक खण्डको दायाँबायाँ ५० मिटरसम्मको जग्गाहरु प्रति रोपनी रु. १४,००,०००।-

३. सिधुवा-पिपलडाँडा-गुवाबेँसी सडक खण्डको साविक परेवादिन गाविस वडा नं. ४ को फ्याटघरदेखि भिमेश्वरीसम्मको सडकको दायाबाँया ५० मिटर सम्मका जग्गाहरु प्रति रोपनी रु. २,००,०००।-

४. सोही सडक खण्डको भिमेश्वरी क्षेत्रभन्दा ५०० मिटर अगाडिदेखि साविक परेवादिन गाविस वडा नं. १ को पिपलडाँडासम्मको सडक खण्डको दायाँ बायाँ ५० मिटर सम्मका जग्गाहरु प्रति रोपनी रु. १,५०,०००।-

५. साविक परेवादिन गाविस वडा नं. ८ को चुलाचुली तेलीया खोला सडक खण्डको जिरो प्वाइन्टदेखि साविक परेवादिन-९ को ताम्लिङ्ग माङ्गहिमसम्मका दायाँवायाँ ५० मिटरसम्मका जग्गाहरु प्रति रोपनी रु. २,००,०००।-

**(च) वडा नं. ६**

१. साविक परेवादिन गाविस वडा नं. ७ मा पर्ने निगाले सिमेन्ट उद्योगदेखि हिलटप होटलसम्मको सडकका दायाँबायाँका ५० मिटर दुरी सम्मको घडेरी जग्गाहरु प्रति रोपनी रु. ५०,००,०००।-

२. सोही सडक खण्डको हिलटप होटल भन्दा ५०० मिटर अगाडिदेखि क्रिश्चियन चर्चसम्मको सडकको दायाँबायाँ ५० मिटर दूरीसम्मका घडेरी जग्गाहरु प्रति रोपनी रु. २०,००,०००।-

३. साविक परेवादिन गाविस वडा नं. ६ को सिधुवा मूर्तिढुंगा जाने सडक खण्डको सगरमाथा चिसेदेखि १०० मिटर अगाडिसम्म प्रतिरोपनी २०,००,०००।- र सो स्थानदेखि सरस्वती मा.वि.मझुवासम्मको सडकको दायाँ बायाँ ५० मिटर सम्मका जग्गाहरु प्रति रोपनी रु. ५००,०००।-

४. सोही सडक खण्डको सरस्वती मा.वि.मझुवा भन्दा २०० मिटर अगाडिदेखि माङ्गमाया खोलासम्म सडकको दायाँबायाँ ५० मिटर सम्मको जग्गाहरु प्रति रोपनी रु. ५,००,०००।-

५. साविक परेवादिन गाविस वडा नं. ७ को नाम्जाङ्ग सल्ले सडक खण्डको आइतवारेदेखि श्री प्रा.वि. नाम्जाङ्गसम्मको सडकको दायाँबायाँ ५० मिटर सम्मको जग्गाहरु प्रति रोपनी रु. ३,००,०००।-

६. सोही सडक खण्डको श्री प्रा.वि. भन्दा अगाडि २०० मिटर अगाडिदेखि काफ्लेटारसम्मको सडक खण्डका दायाँ बायाँ ५० मिटर सम्मका जग्गाहरु प्रति रोपनी रु. २,००,०००।-

(छ) यी तोकिएको क्षेत्र बाहेक साविक हात्तीखर्क, परेवादिन र ताङ्खुवा गाबिस का भित्री सडक तथा कृषि सडक र ग्रामीण सडकले छोएका दायाँबायाँ ५० मिटर सम्मका जग्गाहरु प्रति रोपनी रु. २,५०,०००।-

(ज) साविक तेलीया गा.वि.स.को सबै वडाहरुको का भित्री सडक तथा कृषि सडक र ग्रामीण सडकले छोएका दायाँबायाँ ५० मिटर सम्मका जग्गाहरु प्रति रोपनी रु. १,००,०००।-

(झ) माथि परेका क्षेत्र बाहेक कोशी राजमार्ग आसपासका जग्गा खुल्न आएमा प्रति रोपनी रु. ८,००,०००।-

(ञ) उल्लिखित सडकले छोएका बाहेकका अन्य जग्गाहरु प्रति रोपनी चलनचल्ती मूल्य रु. देहाय वमोजिम मूल्याङ्कन गरिएको छ ।

| वडा नं. | आवासीय क्षेत्र | कृषियोग्य क्षेत्र | औद्योगिक क्षेत्र | निजी वन क्षेत्र | भीर पाखा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ५०,०००।- | ३०,०००।- | ४०,०००।- | ४०,०००।- | १०,०००।- | |
| २ | ५०,०००।- | ३०,०००।- | ४०,०००।- | ४०,०००।- | १०,०००।- | |
| ३ | ५०,०००।- | ३०,०००।- | ४०,०००।- | ४०,०००।- | १०,०००।- | |
| ४ | ४०,०००।- | ३०,०००।- | ३०,०००।- | ३०,०००।- | ५,०००।- | |
| ५ | ५०,०००।- | ३०,०००।- | ४०,०००।- | ४०,०००।- | १०,०००।- | |
| ६ | ५०,०००।- | ४०,०००।- | ४०,०००।- | २०,०००।- | १५,०००।- | साविक परेवादिन-५ र ७ का क्षेत्रहरु |
| ६ | ८०,०००।- | ६०,०००।- | ५०,०००।- | ४०,०००।- | ३०,०००।- | साविक परेवादिन-६ का क्षेत्रहरु |

३. करदाताले झूटो विवरण पेश गरी कार्यालयलाई झूक्याई राजस्व छल्ने नियतले गरेको काम कारवाहि पछि थाहा हून आएमा नियम अनूसार लाग्ने राजश्व रकम सम्वन्धित व्यक्तिसंग शत प्रतिशत जरिवाना सहित असुल उपर गरिनेछ । आवश्यक्तानूसार त्यस्तो घरजग्गा रोक्का समेत राखी असुल उपर गरिनेछ ।

४. कूनै जग्गाको मूल्यांकन गर्न भूलबाट छुट हून गएको रहेछ भने सोही जग्गाको वरिपरी सीमानामा पर्ने जग्गाको आंठा सरह मूल्यांकन कायम हुनेछ । प्रकरणमा परेको र बाटो खुलेको जग्गाको मूल्या□कन जुन बढी हुन आउछ सोही कायम हुनेछ ।

५. कार्यालयलाई आवश्यक परेमा टेस नक्सा वा फायल नक्सा समेत माग गर्न सकिनेछ ।

६. मूल्यांकन सम्वन्धमा विवाद भएमा कार्यालयले स्थलगत निरीक्षण समेत गर्न सक्नेछ ।

७. सडकले छोएको जग्गा भन्नाले सडक सिमा संग जोडिएको दायां वायां ५० मिटर भित्रको जग्गालाई जनाउने छ ।

८. सडक छुने तथा प्रकरणमा परेका जग्गाहरुको हकमा सडक सिमा पछाडी ५० मिटर सम्म प्रकरणमा परे अनुसारकै मूल्य कायम गरिनेछ ।

१३. करदाताले तोकिएको मूल्यांकन भन्दा घटी मूल्यांकन घोषणा गर्न पाउने छैन बढी घोषणा गरि कर तिर्न चाहेमा न्यूनतम मूल्यांकनको बढीमा ५० प्रतिशत वढी सम्म स्वघोषणा गरि मूल्यांकन गर्न सकिने छ ।

माथि उल्लेख हुन छुट भएका तथा नयां ट्रयाक खोलिएका सडकसंग जोडिएका ५० मिटर दायां वायांको जग्गाको मूल्यांकन सम्वन्धित व्यक्तिको घोषणा, गाउं कार्यपालिकाको कार्यालयको प्राविधिक शाखा तथा राजश्व शाखाको सिफारिसमा गाउं कार्यपालिकाबाट स्विकृत भए अनुरुप कायम हुने छ ।

एकिकृत सम्पति करको दर

| सि.नं. | **करयोग्य एकिकृत सम्पतिको मुल्य रु.** | **वार्षिक दर रु.** | कैफियत |
|---|---|---|---|
| १ | १-५,००,०००। सम्म | २५। | |
| २ | ५०००0१।-१०००००0। | १५०। | |
| ३ | १०,००,००१। -१५,००,०००। | २५०। | |
| ४ | १५,००,००१। -२०,००,०००। | ३५०। | |
| ५ | २०,००,००१। -२५,००,०००। | ५००। | |
| ६ | २५,००,००१। -३००००००। | ८००। | |
| ७ | ३०,००,००१। -४०,००,०००। | १,२००। | |
| ८ | ४०,००,००१-५०,००,०००। | १,८००। | |
| ९ | ५०,००,००१। -६०,००,०००। | २,५००। | |
| १० | ६०,००,००१। -७०,००,०००। | ३,०००। | |
| ११ | ७०,००,००१-८०,००,०००। | ४,०००। | |
| १२ | ८०,००,००१। -९०,००,०००। | ६,०००। | |
| १३ | ९०,००,००१। -१,००,००,०००। | ७,५००। | |
| १४ | १,००,००,००१। -२,००,००,०००। | प्रति लाख रु. ७५ थप | |
| १५ | २,००,००,००१। -३,००,००,०००। | प्रति लाख रु. ८० थप | |
| १६ | ३,००,००,०००१। -४,००,०००००। | प्रति लाख रु. ९० थप | |
| १७ | ४,००,००००१। -५००,००,०००। | प्रति लाख रु. १००। | |
| १८ | ५,००,००,००१। -देखि माथि | रु. २।-प्रति हजार थप | |

संरचनाको ह्रास कट्टी दर (प्रतिशतमा)

| संरचनाको किसिम → संरचनाको आयु ↓ | आर.सि. सि. फ्रेम स्टक्चर | सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - आर.सि.सि. छाना | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो - आर.सि.सि. वा सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | सेड वा कच्ची घर |
|---|---|---|---|---|---|
| १ - ३ वर्ष | ६ | ९ | १२ | १५ | २० |
| ३- ६ वर्ष | १२ | १८ | २४ | ३० | ४० |
| ६- ९ वर्ष | १८ | २७ | ३६ | ४५ | ६० |
| ९-१२ वर्ष | २४ | ३६ | ४८ | ६० | ८० |
| १२-१५ वर्ष | ३० | ४५ | ६० | ७५ | ९० |
| १५-१८ वर्ष | ३६ | ५४ | ७२ | ९० | ९० |
| १८- २१ बर्ष | ४२ | ६३ | ८४ | ९० | ९० |
| २१- २४ वर्ष | ४८ | ७२ | ९० | ९० | ९० |
| २४-२७ वर्ष | ५४ | ८१ | ९० | ९० | ९० |
| २७- ३० वर्ष | ६० | ९० | ९० | ९० | ९० |
| ३०- ३३ वर्ष | ६६ | ९० | ९० | ९० | ९० |
| ३३- ३६ वर्ष | ७२ | ९० | ९० | ९० | ९० |
| ३६- ४० वर्ष | ७८ | ९० | ९० | ९० | ९० |
| ४०- ४३ वर्ष | ८४ | ९० | ९० | ९० | ९० |
| ४३- ४६ वर्ष | ९० | ९० | ९० | ९० | ९० |
| ४६ भन्दा माथि | ९० | ९० | ९० | ९० | ९० |

## अनुसुचि २
## भूमि (मालपोत) कर
(दफा ३ सँग सम्वन्धित)

**१. मालपोत**

एकीकृत सम्पत्ति कर लागू हुनु अघिको मालपोत बुझाउन बाँकी जग्गाधनीहरुसँग देहाय वमोजिमका दरले मालपोत असुल उपर गरिने छ ।

क) खेत/बारी ५ रोपनी सम्म रु.२५ , ५ देखी २० रोपनी सम्म प्रति रोपनी रु. ५ का दरले, २० रोपनी भन्दा माथी प्रति रोपनी रु. ८ का दरले, बजार क्षेत्रको घडेरी जग्गा प्रति रोपनी रु. १००। का दरले

**जरीवाना** : १ वर्ष सम्म नबुझाएमा २५ प्रतिशत थप, १ देखि ५ वर्ष सम्म नबुझाएमा ३५ प्रतिशत थप, ५ देखि ७ वर्ष नबुझाएमा ५० प्रतिशत, ७ देखि १० वर्ष नबुझाएमा ७५ प्रतिशत थप र १० वर्ष भन्दा बढी अवधी नबुझाएमा १०० प्रतिशत थप जरिवाना लाग्ने ।

(नोट :आ.व. ०७३/७४ असार मसान्त भन्दा अगाडीको लागि मात्र)

## अनुसुची - ३
## बहाल कर
(दफा ४ सँग सम्वन्धित )

- आफ्नो क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड, (छप्पर), कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा बहालमा दिएकोमा सम्बन्धित धनीबाट बहाल कर १२% प्रतिशत ।
- आफ्नो क्षेत्रमा आफूले निर्माण, रेखदेख वा संचालन गरेको हाट बजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्न दिएबापत प्रति बर्गफुट मासिक बहाल बिटौरी रु. २।-

## अनुसुची - ४
## व्यवसाय कर
(दफा ५ सँग सम्वन्धित)

**१. वार्षिक व्यवसाय कर (दर्ता र नविकरण वाहेक)**

**यस अनुसूचीको प्रयोजनका लागि 'ग' श्रेणी व्यवसाय भन्नाले रु. ५,००,०००।- सम्मको वार्षिक कारोवार भएको, 'ख' श्रेणी व्यवसाय भन्नाले रु. १५,००,०००।- सम्मको वार्षिक कारोवार भएको, र 'क' श्रेणी व्यवसाय भन्नाले रु.१५,००,००१।- भन्दा माथि वार्षिक कारोवार भएको व्यवसायलाई सम्झनु पर्छ । यसमा 'ग' श्रेणीका लागि तोकिएको कारोवार रकम भन्दा कम वार्षिक कारोवार भए पनि 'ग' श्रेणी कै व्यवसायक कर लिइने छ ।**

| सि.नं. | व्यवसायको नाम | श्रेणी | | | | |
|---|---|---|---|---|---|---|
| | | क | ख | ग | घ | कैफियत |
| १. | किराना पसल | १५००।- | १०००।- | ७५०।- | | |
| २. | थोक किराना पसल | २०००।- | १५००।- | १०००।- | | |
| ३. | होटल एण्ड लज | ३०००।- | २५००।- | १५००।- | | |
| ४. | होटल | १५००।- | १०००।- | ५००।- | | |
| ५. | लज | १०००।- | ८००।- | ६००।- | | |
| ६. | रेष्टुरेन्ट | ३०००।- | २५००।- | १५००।- | | |
| ७. | रिसोर्ट | ५०००।- | ३०००।- | २५००।- | | |
| ८. | चिया नास्ता पसल | ० | ० | ० | ६००।- | |
| ९. | कपडा पसल | १८००।- | १२००।- | ८००।- | | |
| १०. | फेन्सी तथा तयारी पोशाक | १५००।- | १२००।- | ८००।- | | |
| १२. | श्रृंगार कस्मेटिक पसल | १५००।- | १०००।- | ५००।- | | |
| १३. | निर्माण सामाग्री तथा हार्डवेयर पसल | ५०००।- | ३५००।- | २५००।- | | |
| १४. | भाँडावर्तन पसल | १५००।- | १०००।- | ८००।- | | |
| १५. | सुन चाँदी आदिको गहना बनाउने तथा विक्री गर्ने | ३०००।- | २५००।- | २०००।- | | |
| १६. | पत्रिका, पुस्तक पसल तथा स्टेशनरी पसल | १२००।- | ९००।- | ६००।- | | |
| १७. | फोटो स्टुडियो | ८००।- | ६००।- | ३००।- | | |
| १८. | कम्प्युटर प्रशिक्षण | ३०००।- | २०००।- | १०००।- | | |
| १९. | सिलाई बुनाई तथा पेन्टिङ्ग प्रशिक्षण | ८००।- | ५००।- | ३००।- | | |
| २०. | | | | | | |
| २१. | घडी, रेडियो, क्यासेट, टिभी, मोवाई मर्मत केन्द्र | ९००।- | ७००।- | ५००।- | | |
| २२. | घडी, रेडियो, क्यासेट, टिभी, मोवाई विक्री पसल | २०००।- | १५००।- | १२००।- | | |
| २३. | स्टोभ, कुकर, ग्याँस सिलिण्डर, ग्याँस चुल्हो मर्मत केन्द्र | ० | ० | ० | ६००।- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४. | मोटर साइकल  तथा अटो वर्कसप मर्मत | ० | ० | ० | १०००।- | |
| २५. | ठूला साना सबै चार पाङग्रे गाडी मर्मत केन्द्र | ० | ० | ० | १५००।- | |
| २६. | ग्रील सम्वन्धी मर्मत तथा निमार्ण | १८००।- | १२००।- | १०००।- | | |
| २७. | जुत्ता चप्पल पसल | १२००।- | १०००।- | ८००।- | | |
| २८. | सब्जी तरकारी पसल खुद्रा पसल | ० | ० | ० | ६००।- | |
| २९. | सव्जी तरकारी थोक विक्रेता | ० | ० | ० | १५०० | |
| ३०. | मासु पसल | ० | ० | ० | १००० | |
| ३१. | कृषि विउविजन पसल | ६००।- | ५००।- | ४००- | | |
| ३२. | कृषि सामग्री तथा मल खाद विक्री पसल | १०००।- | ८००।- | ६००।- | | |
| ३३. | कोल्ड ड्रिंक्स पसल | १०००।- | ८००।- | ६००।- | | |
| ३४. | सैलुन | ० | ० | ० | ५०० | |
| ३५. | फर्निचर पसल | २०००।- | १५००।- | १२००।- | | |
| ३६. | पान पसल | ० | ० | ० | ५०० | |
| ३७. | लेडिज तथा जेन्स टेलर | १५००।- | १००० | ८००।- | | |
| ३८. | मदिरा तथा सुर्तिजन्य पदार्थ डिलर तथा थोक बिक्रेता | ३५००।- | २५००।- | २०००।- | | |
| ३९. | मदिरा तथा सुर्तिजन्य पदार्थ  खुद्रा बिक्रेता | १५००।- | १०००।- | ७५०।- | | |
| ४०. | डिजेल, पेट्रोल पम्प<br>(अनधिकृत रुपमा कसैले अन्य पसलमा विक्री गरेको पाइएमा पटकै पिच्छे रु. २०००।- जरीवाना गरिने छ) | | | | ६०००।- | |
| ४१. | औषधि पसल | १०००।- | ८००।- | ५००।- | | |
| ४२. | निजी अस्पताल, नर्सिङ्ग होम, डेन्टल हस्पिटल | १००००। | ८०००।- | ५०००। | ४०००।- | |
| ४३. | पोली क्लिनिक | ४०००। | ३५००।- | ३००० | २५००।- | |
| ४४. | प्राथमिक उपचार केन्द्र | ० | ० | ० | २५००।- | |
| ४५. | चिकित्सक/ दन्त चिकित्सक | | | | १५००।- | |
| ४६. | क्यारम बोर्ड खेलाउने पसल | | | | १०००।- | |
| ४६. | चटपटे घुमन्ते व्यपारी तथा पसले | | | | ५००।- | |
| ४७. | पुल तथा स्नुकर हाउस | | | | २०००।- | |
| ४८. | कुटानी पिसानी तेलहन मिल | १०००।- | ८००।- | ५००।- | | |
| ४९. | हस्तकला विक्री केन्द्र | | | | ४००।- | |
| ५०. | विस्कुट पाउरोटी उद्योग | १५००।- | १०००।- | ६००।- | | |
| ५१. | नुडल्स उद्योग | १५००।- | १०००।- | ६००।- | | |
| ५२. | दाना उद्योग | १५००।- | १०००।- | ६००।- | | |
| ५३. | इँटा टायल उद्योग | ५०००।- | ४०००।- | ३०००।- | | |
| ५४. | फर्निचर उद्योग | ३०००।- | २५००।- | २०००।- | | |
| ५५. | घरेलु उद्योग | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | क. सुति कपडा | | | | ५००।- | |
| | ख. स्वीटर | | | | ३००।- | |
| | ग. वेतबाँस | | | | ३००।- | |
| ५६. | फलफूल जुस उद्योग | | | | १०००।- | |
| ५७. | बिरुवा नर्सरी | १०००।- | ७००।- | ५००।- | | |
| ५८ | खुकुरी उद्योग | १०००।- | ७००।- | ५००।- | | |
| ५९. | चिया उद्योग | १००००।- | ८०००।- | ५०००।- | | |
| ६०. | अन्य नखुलेका साना घरेलु उद्योग | | | | ५००।- | |
| ६१. | गाई फर्म | २०००।- | १५००।- | १०००।- | | |
| ६२. | बाखा/बंगुर /कुखुरा फर्म | १५००।- | १०००।- | ७००।- | | |
| ६३. | मालसमान ढुवानी सेवा | ३५००।- | २५००।- | २०००।- | | |
| ६४. | सिनेमा हल | ५०००।- | ३०००।- | २५००।- | | |
| ६५. | छापाखाना तथा प्रेस अफसेट | २५००।- | १५००।- | १०००।- | | |
| ६६. | कानूनी तथा प्राविधिक कन्सल्टेन्सी | | | | २०००।- | |
| ६७. | निर्माण व्यवसायी (प्रधान कार्यालय यहीँ भए) | १००००।- | ८०००।- | ६०००।- | ४०००।- | |
| ६८. | निर्माण व्यवसायी (प्रधान कार्यालय वाहिर भए) | ८०००।- | ६०००।- | ५०००।- | ३०००।- | |
| ६९. | बैंक, वीमा, वित्तीय तथा नाफामुलक संस्थाहरु ( नेपाल सरकारको स्वामित्व भएका बाहेक) | १२०००।- | ८०००।- | ६०००।- | ३०००।- | |
| ७०. | बैंकका काउन्टर सेवाहरु | | | | १५००।- | |
| ७१. | सहकारी संस्थाहरु दर्ता | | | | २०००।- | |
| ७२. | सहकारीहरुको वार्षिक व्यवसाय कर | | | | | |
| | क) उत्पादनमूलक सहकारी | | | | २०००।- | |
| | ख) उपभोक्ता सहकारी | | | | ३०००।- | |
| | ग) श्रममूलक सहकारी | | | | १०००।- | |
| | घ) बहुउद्देश्यीय सहकारी | | | | २०००।- | |
| ७३. | सूचीकृत हुनका लागि | | | | | |
| | उत्पादनमूलक सहकारी | | | | १०००।- | |
| | उपभोक्ता सहकारी | | | | २०००।- | |
| | श्रममूलक सहकारी | | | | ५००।- | |
| | बहुउद्देश्यीय सहकारी | | | | १०००।- | |
| ७४. | जल उपभोक्ता संस्था वा समूह दर्ता | | | | १०००।- | |
| | नविकरण | | | | ७००।- | |
| ७५. | खानेपानी सेवा शुल्क प्रति धारा | | | | ५।- | |
| ७६. | सिंचाई सेवा शुल्क | | | | | |
| ७७. | धितोपत्र कारोवार गर्ने संस्था | | | | २५००।- | |
| ७८ | विदेशी मुद्रा विनिमय कारोवार गर्ने, मनी ट्रान्सफर गर्ने | | | | २५००।- | |
| ७९. | खोटो संकलन गर्ने व्यवसायी | | | | | |
| | क) २०० मे.टनभन्दा माथि कारोवार गर्ने | | | | ४०००।- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ख) २०० मे.टन सम्म कारोवार गर्ने | | | | २५००।- | |
| | ग) १०० मे.टन सम्म कारोवार गर्ने | | | | १५००।- | |
| | घ) खोटो निकासी केन्द्र वा व्यवसायी | | | | १५००।- | |
| ८०. | वैदेशिक रोजगार सेवा केन्द्र | | | | ५०००।- | |
| ८१. | स्वदेशी रोजगार सेवा केन्द्र | | | | १०००।- | |
| ८२. | जग्गा प्लटिङ्ग व्यवसायी | | | | ५०००।- | |
| ८३. | लेखा परीक्षक/इन्जिनियर/वीमा एजेन्ट | | | | ३०००।- | |
| ८४. | भाषा अनुवादक | | | | २०००।- | |
| ८५. | उर्जामुलक उद्योग व्यवसाय | ५०००।- | ३०००।- | २०००।- | | |
| ८६. | निजी क्षेत्रका क्याम्पस | | | | | |
| | क) डिप्लोमा सम्म भए | | | | ५०००।- | |
| | ख) डिग्री सम्म भए | | | | ८०००।- | |
| ८७. | संस्थागत विद्यालयको व्यवसायक कर | | | | | ऐनमा तोकिए अनुसार हुनेछ |
| ८८. | संस्थागत विद्यालय सूचीकरणको लागि | | | | | |
| | क) नर्सरीदेखि कक्षा ५ सम्म | | | | ५०००।- | |
| | ख) कक्षा ६ देखि कक्षा ८ सम्म | | | | ८०००। | |
| | ग) कक्षा ९ देखि कक्षा १० सम्म | | | | १२०००।- | |
| | घ) कक्षा ११ देखि १२ सम्म | | | | १५०००।- | |
| ८९. | संस्थागत विद्यालय कक्षा थपका लागि (प्रति कक्षा) | | | | ५०००।- | |
| ९०. | भाषा प्रशिक्षण तथा कोचिङ्ग, टाइपिङ्ग सेन्टर, | | | | २०००।- | |
| ९१. | कम्प्युटर विक्री पसल | ३०००।- | २०००।- | १५००।- | | |
| ९२. | मोवाईल सिम कार्ड तथा रिचार्ज विक्रेता | ३०००।- | २०००।- | १५००।- | | |
| ९३. | ग्याँस सिलिण्डर डिलर | | | | ५०००। | |
| ९४. | अन्य भए | | | | २०००।- | |
| ९५. | विजुलीका वयरिङ्ग तथा अन्य सामाग्री बिक्रेता | | | | २०००।- | |
| ९६. | सवारी साधन विक्रेता | | | | | |
| ९७. | साइकल पसल | ५०००।- | ३०००।- | २०००।- | | |
| ९८. | मोटर साइकल पसल | १००००।- | ८०००।- | ६०००।- | | |
| ९९ | हलुका सवारी पसल | २०००० | १५००० | १००००।- | | |
| १०० | **दुग्धजन्य व्यवसायी** | | | | | |
| १०१ | छुर्पी, पनिर, घिउ, चिज उद्योग | २०००।- | १५००।- | १०००।- | | |
| १०२ | चिसान केन्द्र, संकलन केन्द्र | १०००।- | ८००।- | ५००।- | | |
| १०३ | दुग्ध व्यपार केन्द्र | १०००।- | ८००।- | ५००।- | | |
| १०४ | शित भण्डार | २०००।- | १५००।- | १०००।- | | |
| १०५ | साइवर व्यवसायी | १०००।- | ८००।- | ६००।- | | |
| १०६ | फलफूल पसले | १०००।- | ८००।- | ५००।- | | |
| १०७ | सिशा, प्लाइउड विक्रेता | ५०००।- | ३०००।- | २०००।- | | |
| १०८ | **काष्ठ चिरानी उद्योग** | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | क) कटानी, चिरानी | | | | १०००।- | |
| | ख) काष्ठ मिल | ५००० | ४००० | ३००० | | |
| | ग) काष्ठ मिल तथा सो रुम सहित भए | १०००० | ८००० | ५००० | | |
| १०९ | खेलौना, गिफ्ट आदि पसल | २००० | १५०० | १००० | | |
| ११० | क्यासिनो | ७५०००।- | ७००००।- | ६५०००।- | | |
| १११ | पार्क, पिकनिक स्पोट | | | | प्रतिपटक प्रति व्यक्ति रु.१०।- | |
| ११२ | वनजन्य पैदावार व्यवसायी | ५००० | ३००० | २०००।- | | |
| ११३ | रेडियो, एफ एम व्यवसायी | ४००० | ३००० | २००० | | |
| ११४ | सिंचाई शुल्क | | | | प्रति रोपनी प्रति जग्गाधनी रु.२।- | |
| ११५ | सिरक डसना धुनियाँ | | | | ५००।- | |
| ११६ | डान्स फिजिकल फिटनेस सेन्टर | | | | १५००।- | |
| ११७ | वाइन उद्योग | २०००० | १५००० | १०००० | | |
| ११८ | फलफुल फर्म | १००० | ७०० | ५०० | | |
| ११९ | सिमेन्ट उद्योग (व्यवसाय कर) | प्रति बोरा रु. १।- | | | | |
| १२० | कृषि तथा अन्य समूह दर्ता | ३००।- | | | | |
| | | | | | | |

## अनुसुचि -५

## सवारी साधन सञ्चालन व्यवसाय कर

( दफा ७ सँग सम्वन्धित)

१.सवारी साधन सन्चालन व्यवसाय कर

- बस, ट्रक, लरी र अन्य हेभि गाडिमा रु. ३०००।
- ट्याक्टर रु. २०००।
- भाडाको कार, जिपमा रु. ५००।
- भाडाको कार, टेम्पोमा रु. ३००।
- भाडाको मिनिबसमा रु. १०००।
- डोजर व्यवसायी (चेनवाला एक्जाभेटर भए) रु. १००००।-
- व्याकहो लोडर (टायरवाला भए) रु. ५०००।-
- रोलर रु. २५००।-
- निजि कार, मिनिबसमा रु. ३००।
- स्कुटर, मोटरसाईकल तथा अन्य सवारी साधन : २००।-

- अटो रिक्सा तथा टाँगा व्यवसाय दर्ता तथा नविकरण रु. २००।  र व्यवसाय कर वार्षिक रु. ५००।-
- ठेलागाडा तथा रिक्सा दर्ता रु. २५।- र व्यवसाय कर वार्षिक रु. ५०।-

२. पटके सवारी कर

यस गाउँपालिका अन्तर्गतका सडकहरु (राष्ट्रिय राजमार्ग बाहेक) मा देहाय वमोजिम पटके सवारी कर लगाइनेछः-

- निजी तथा भाडाका बस, ट्रक र ट्रयाक्टरमा रु. ५०
- अन्य चार पाङ्ग्रे सवारी रु.२०।-
- एक्जाभेटर, लोडर आदि १००।-

३. दर्ता तथा संचालन ईजाजत दस्तुर : गाउंपालिका क्षेत्रमा ठेला, रिक्सा, टाँगा आदि दर्ता रु. ५० ।-

## अनुसुचि - ६
## पार्किङ्ग शुल्क

(दफा ९ सँग सम्वन्धित)

- गाउंपालिकाले आफूले व्यवस्था गरेका सवारी पार्कमा पार्किङ्ग गरिएका मिनिबस, ट्रक, ट्याक्टरमा पार्किङ्ग गर्ने समयको आधारमा एकपटकमा ४० रुपैयाँ ।
- गाउंपालिकाले आफूले निर्माण गरी संचालन गरेको आधुनिक सुविधा सम्पन्न बसपार्कमा समयको आधारमा एकपटकमा ४० रुपैयाँ ।
- गाउंपालिकाले आफुले तोकेको कार पार्किङ्ग क्षेत्रमा पार्किङ्ग गर्ने कारमा समयको आधारमा एकपटकमा २० रुपैयाँ ।
- प्रकरण १,२ र ३ मा उल्लेखित सवारी साधन बाहेक अन्य सवारीका लागि समयको आधारमा १० रुपैया ।

**अनुसुचि ७**

**सेवा, शुल्क, दस्तुर**

(दफा १० सँग सम्वन्धित)

| सि..नं | दस्तुर | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | वंशजको आधारमा नागरिकता सिफारिस | २००। | |
| २ | नाम छुट तथा  सनाखत नागरिकता सिफारिस | २००। | |
| ३ | अंगीकृत नागरिकता सिफारिस | ५००। | |
| ४ | नाता प्रमाणित | ३५०। | |
| ५ | क. पञ्जिकरण सिफारिस<br>ख. पञ्जिकरण बिलम्ब शुल्क | २००।<br>५०। | |
| ६ | नाम,थर,जन्म मिति,ठेगाना,प्रहरि रिपोर्ट,साथै जातीयतासम्वन्धी सिफारिस | १५०। | |
| ७ | घर जग्गा तथा पेन्सन नामसारी  सिफारिस | ३००। | |
| ८ | घर बाटो भएको सिफारिस | ४००। | |
| ९ | सम्वन्ध विच्छेद सिफारिस | ५००। | |
| १० | पानी, विद्युत, जडानसम्वन्धी सिफारिस | २००। | |
| ११ | टेलिफोन जडानसम्वन्धी सिफारिस | ५००।- | |
| १२ | विद्यालय स्तर वृद्धि सिफारिस | १०००। | |
| १३ | अंग्रेजी भाषामा सिफारिस वा अंग्रजीमा रुपान्तरण | १०००। | |
| १४ | चार किल्ला प्रमाणित (मालपोत कार्यालय जाने भए) | ३००। | |
| १५ | चार किल्ला प्रमाणित (वित्तीय संस्थासँग कारोवारका लागि) भए | ५००। | |
| १६ | मेला ,उत्सव ,महोत्सव लगाउने सिफारिस | ५०००। | |
| १७ | १ रोपनी भन्दा कम जग्गा प्लटिङ गर्नको लागि सिफारिस | १०००। | |
| १८ | १ देखि ३ रोपनी सम्म जग्गा प्लटिङ गर्नको लागि सिफारिस | ३०००। | |
| १९ | ५ रोपनी भन्दा बढी जग्गा प्लटिङ गर्नको लागि सिफारिस | ५०००। | |
| २० | मोही नामसारी सिफारिस | २००।- | |
| २१ | जग्गा अपुतालि सम्वन्धी सिफारिस (नेपालको भए) | १०००।- | |
| २२ | जग्गा अपुतालि सम्वन्धी सिफारिस (विदेशको भए) | २०००।- | |
| २३ | ठूला उद्योग स्थापना सिफारिस | ३०००।- | |
| २४ | मझौला उद्योग स्थापना सिफारिस | २०००।- | |

| | | | |
|---|---|---|---|
| २५ | साना तथा घरेलु उद्योग सिफारिस | ५००।- | |
| २६ | लघु उद्यमी व्यवसायी सिफारिस | २००।- | |
| २७ | संघ सस्था दर्ताको लागि सिफारिस | १०००। | |
| २८ | अन्य विशेष प्रकृतिका सिफारिस | ५००। | |
| २९ | रुख कटान सिफारिस (उत्तिस,सल्ला,सिरिस,) प्रतिरुख | ४०। | |
| ३० | रुख कटान सिफारिस ( पात्ले, जामुना ) प्रति रुख | ८०।- | मिति २०७५।१।९ मा संशोधित/थप |
| ३१ | रुख कटान सिफारिस (चिलाउने) प्रति रुख | ६०।- | मिति २०७५।१।९ मा संशोधित |
| ३२ | रुख कटान सिफारिस (खयर, साल) प्रति रुख | १३०। | |
| ३३ | नक्सा प्रमाणित प्रति पेज | १००। | |
| ३४ | बाँस प्रति घना | २।- | |
| ३५ | सर्जमिन दस्तुर | ६००। | |
| ३६ | ढुंगा गिटी बालुवा (आन्तरिक बाह्य दुवै ) प्रति ट्रयाक्टर | ५०।- | |
| ३७ | ढुंगा गिटी बालुवा (आन्तरिक बाह्य दुवै ) प्रति ट्रिप्पर | २००।- | |

पुनश्च : सामुदायिक वन वा सार्बजनिक संस्थाका रुख कटान गर्नु पर्दा माथि उल्लेखित दरको दोब्बर लाग्नेछ (घरायसी प्रयोजन वाहेक)

| टिकट तथा निवेदन दस्तुर | | | |
|---|---|---|---|
| १ | निवेदन दर्ता | १०। | |
| २ | मुद्दा,उजुरी निवेदन दर्ता | १००। | |
| ३ | तारेक,मिलापत्र एवम् सहमति | १०००। | पक्ष विपक्ष दुवैलाई आधा अ ाधा |
| ४ | भवन निर्माण तथा नक्सा पास निवेदन दर्ता | | |
| | (क) पक्किको लागि | १५०० | |
| | (ख) कच्चिको लागि | १०००।- | |
| ५ | **अमिन सेवा शुल्क** | | |
| | (क) वन, खेतियोग्य, भिरपाखा प्रति कित्ता | १५००।- | |
| | (ख) आवासीय तथा औद्योगिक जग्गा प्रति कित्ता | १२००।- | |
| | (ग) जग्गा खिचोला परी साँध सिमान छुट्याउनु परेमा (पक्ष विपक्ष दुवैबाट) प्रति कित्ता | १६००।- | |

| घर नक्सा पास दस्तुर रु.प्रति रनिङ फिट | | | |
|---|---|---|---|
| १ | कम्पाउण्ड वाल प्रति रनिङ फिट | १.५ | |
| २ | कच्ची घर प्रति वर्ग फिट ग्रामिण क्षेत्र | १.५ | |
| ३ | लोड वाइरिङ घर प्रति वर्ग फिट (कच्ची सडक) | २.५।- | |
| ४ | आर.सि.सि.घर प्रति वर्ग फिट (कच्ची सडक क्षेत्र) | ३।- | |
| ५ | आर.सि.सि.घर प्रति वर्ग फिट( पक्की सडक क्षेत्र) | ५।- | |
| ६ | लोड वाइरिङ घर प्रति वर्ग फिट (पक्की सडक क्षेत्र) | ३।- | |
| ७ | नक्सा संसोधन साविक माथि | २० प्रतिसत थप | |
| ८ | नक्सा पास इजाजत नलिई घर निर्माण गरी पछि नक्सा नियमित गर्न आएमा लाग्ने माथि लाग्ने सेवा शुल्कको दोव्वर दस्तुर लाग्नेछ । | | |
| **अस्थायी घर टहरा निर्माण इजाजत सेवा शुल्क (निवेदन सहित)** | | | |
| १ | ढुंगा माटोको कच्ची घर | २५००।- | |
| २ | टाटी टहरा टीनको छानो भएको घर | १०००।- | |
| ३ | टाटी टहरा, फुसको छानो भएको घर | ५००।- | |
| **हल भाडा** | | | |
| १ | गाउंपालिकाको हल प्रति दिन | १००० | |
| २ | वडा केन्द्रमा रहेका वडा कार्यालयको तथा विषयगत कार्यालयका हल प्रति दिन | ५०० | |
| ३ | सामुदायिक भवन प्रति दिन | ५०० | |

| आय श्रोत प्रमाणित तथा चल/अचल सम्पत्ती मूल्यांकन | | | |
|---|---|---|---|
| १ | चल अचल सम्पति, आय श्रोत प्रमाणित सिफारिस ५ लाख सम्म | ५०० | |
| १ | चल अचल सम्पति, आय श्रोत प्रमाणित सिफारिस १० लाख सम्म | १५०० | |
| २ | चल अचल सम्पति, आय श्रोत प्रमाणित सिफारिस २० लाख सम्म | २००० | |
| ३ | चल अचल सम्पत्ति, आय श्रोत प्रमाणित सिफारिस ३० लाख सम्म | ३००० | |
| ४ | चल अचल सम्पत्ति, आय श्रोत प्रमाणित सिफारिस ५० लाख सम्म | ५००० | |

| | | | |
|---|---|---|---|
| ५ | चल अचल सम्पत्ति, आय श्रोत प्रमाणित सिफारिस ५० लाख भन्दा माथि प्रत्येक १० लाख थपमा | २००० | |

**गाउँपालिकाबाट फोहरमैला उठाउने गरी तोकिएको क्षेत्रहरुका घर धनी तथा व्यवसायीहरुबाट देहाय वमोजिम मासिक सरसफाई सेवा शुल्क उठाइने छ ..............................................................................................**

| सि.नं. | विवरण | सेवा शुल्क रु. |
|---|---|---|
| १ | होटल तथा लज दुवै सञ्चालन भए | ३००।- |
| २ | होटल वा लज एकमात्र व्यवसाय भए | २००।- |
| ३ | ‘क’ वर्गका किराना वा अन्य पसललाई | २००।- |
| | सो पसलमा सागसब्जीसमेत भए थप | १००।- |
| ४ | छापाखाना तथा प्रेसलाइ | ३००।- |
| ५ | कुनै प्रकारको मीललाई | २००।- |
| ६ | सबै प्रकारको ग्यारेजलाई | २००।- |
| ७ | सैलुन व्यवसायीलाई | १००।- |
| ८ | आवासीय घरधनीलाई | ७५।- |
| | घरधनी स्वयम्ले आफ्नो आवासीय भवनमा किराना पसल गरेमा थप | ५०।- |
| ९ | सरकारी तथा गैरसरकारी सबै कार्यालय र संघसंस्थासमेतलाई | १००।- |

## अनुसूचि ८
## पर्यटन तथा सहासिक पर्यटन शुल्क

(दफा ११ सँग सम्वन्धित)

| **पर्यटन क्षेत्र प्रबेश शुल्क** | | |
|---|---|---|
| १ | तोकिएको पर्यटन क्षेत्र भित्र प्रवेश शुल्क जिल्लावासीलाई | ५। |
| २ | तोकिएको पर्यटन क्षेत्र भित्र प्रवेश शुल्क अन्य स्वदेशीलाई | २०। |
| ३ | तोकिएको पर्यटन क्षेत्र भित्र प्रवेश शुल्क सार्क मुलुकलाई | ५०। |
| ४ | तोकिएको पर्यटन क्षेत्र भित्र प्रवेश शुल्क अन्य मुलुकलाई | १००। |

## अनुसूची-९
## बहाल विटौरी
(दफा १२ सँग सम्वन्धित)

**अस्थाई हाट बजार वा घुम्ती पसल :** यस अनुसुचिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अस्थायी हाटबजारमा वा घुम्ती पसल राखी गरिने देहायको व्यवसायमा पटके रुपमा देहाय वमोजिम व्यवसाय कर :

- ❖ घुम्ती मोवाइल पसल, खुन्चा समेतमा २५ रुपैया
- ❖ चौपाया प्रति गोटा

  राँगा ५०।- गोरु. रु. ३०, सुँगुर पाठा २०।- रु. खसी रु. २५ रुपैयाँ
- ❖ हाँस, कुखुरा आदि प्रति गोटा १० रुपैयाँ
- ❖ साग सब्जी र फलफुल पसल (डोके नाङले रु.१०।-
- ❖ अन्य १० रुपैयाँ ।

## अनुसूची-१०
## विज्ञापन कर
(दफा १३ सँग सम्वन्धित)

१.ग्लो साइनवोर्ड, डिपिएस वोर्ड प्रति वर्ग फिट रु. ५०।-

२. वाल र सटर पेन्टिङ प्रति वर्ग फिट रु. ५।-

३. व्यानर प्रति गोटा रु. ३०० (बढीमा एक महिनाका लागि)

## अनुसूची-११
## विविध शुल्क, दस्तुर
(दफा १५ सँग सम्वन्धित)

माथिका अनुसूचीहरुमा छुट भएकोमा नियमानुसार भन्दा वढी भएकाको हकमा नियमानुसार तोकिएको अधिकतम दररेट कायम हुनेछ ।